# नगर कार्यपालिका २६ औं बैठक
# मिति २०७५ कार्तिक १८ गते

**प्रस्ताव नं. १ :- प्रारम्भिक वातावरण परिक्षण (IEE) को प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. १ :-** यस टीकापुर नगरपालिकाको वडा नं. २ स्थित सन्कट्टी घाट देखि वडा नं. ८ सत्ती कर्णाली पुलको माथि उत्तर तर्फको संभावित भाग भित्र पर्ने ढुंगा,बालुवा र गिट्टी उत्खनन् गरिने कार्य ठेक्काबाट लगाउनका लागि कानूनी मापदण्ड बमोजिम परामर्श सेवा अन्तरगत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्यका लागि श्री लोकल एक्शन फर ग्लोबल हेल्थ एण्ड इनभाइरोमेन्ट ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि. धनगढी उपमहानगरपालिका ५, कैलालीसंग भएको सम्झौता बमोजिम जिल्ला समन्वय समिति कैलालीबाट स्वीकृत प्रतिवेदन यस कार्यालयमा प्राप्त भई सकेकोले प्रतिवेदनमा उल्लेख भएका स्थानहरुबाट तोकिएको मापदण्डमा ढुंगा,बालुवा र गिट्टी उत्खनन् गर्न ठेक्कामा लगाउनका लागि १५दिने सूचना स्थानीय पत्रिका तथा नगरपालिकाको website र सूचना पाटीमा प्रकासन गर्ने र उक्त सूचना अनुसार उत्खननको सम्झौता नभएसम्मका लागि उत्खनन कार्य नगर्ने /नगराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :-सुकम्वासी शिविरमा बत्ति जडान गर्ने ध्यानाकर्षण पत्रको सम्बन्धमा ।**

**निर्णय नं. २ :-**यस टीकापुर नगरपालिका क्षेत्र भित्र वसोवास गरीरहेका एकता नगर लगायतका ७ वटा वस्तीहरुका तर्फबाट भुमिहिन, सकुम्वासी, मुक्तकमैयाहरुले मानवको आधारभूत आवश्यकताका रुपमा रहेको विजुली , पानी जस्ता आवश्यकिय सेवाबाट बन्चित हुन परेको र बत्तिको ब्यवस्था गरियोस भनि नगरपालिकामा लिखित तथा मौखिक अनुरोध गर्दै आएको र नगरपालिकाबाट उक्त समस्याको समाधानका लागि अध्ययन गर्न कार्यदल समेत गठन गरी कार्यदलबाट प्रतिवेदन पेश भएको लामो समयसम्म पनि समस्याको सुनुवाई नभएको र माग सम्बोधनका लागि मिति २०७५/०६/१४ मा यस कार्यालयमा पूनः ध्यानाकर्षण पत्र पेश गर्नुभएको विषयमा छलफल गर्दा, कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेखित सुझावको कार्यान्वयनका लागि नेपाल विद्युत प्राधिकरण,टीकापुर शाखासँग समन्वय गरी नियमानुसारको कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :- विभिन्न संघ /संस्था/ब्यक्तिबाट कार्यक्रम तथा बजेट माग भएको सम्बन्धमा ।**

**निर्णय नं. ३ :-** यस कार्यालयमा विभिन्न शाखा उपशाखा तथा संघ/संस्था बाट विभिन्न कार्यक्रम तथा योजना संचालनका लागि यस नगरपालिकामा विभिन्न मितिमा निवेदन पेश भएको विषयमा छलफलगर्दा आवश्यकता तथा औचित्यताका आधारमा तपसिल बमोजिमका कार्यक्रम तथा योजना संचालनका लागि चालु. आ.व. ०७५/०७६ मा कार्यक्रम तथा योजना संचालन गर्नका लागि निम्नानुसारको बजेट शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपसिल :

| क्र. सं. | योजना/ कार्यक्रम को नाम | योजना स्थल (ठेगाना) | बजेट शिर्षक | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | छाडा चौपायाहरुको भौतिक पूर्वाधार सेड निर्माण तथा संचालन व्यवस्थापन | वडा नं. ५ टीकापुर नर्सरी | सामुदायिक पशु व्यवस्थापन | ७,००,०००।- | संरचनाको हकमा अस्थायी प्रकृतिको बनाउन हाललाई कार्यालयमा प्रयोगमा नरहेका टीन तथा फलाम प्रयोग गरी निर्माण गर्ने र चारा परालका साथै आवश्यक अन्य व्यवस्थापकिय खर्च गर्ने |
| २ | चौकिदार भवन निर्माण | टीकापुर पार्क | भैपरी आउने पूंजिगत | २,५०,०००।- | लागत ईष्टिमेट बमोजिम बढीमा २,५०,०००।- लोड बेरिङ्ग भवन निर्माण |
| ५ | सटर कवल अगाडि माटो पटानी, शौचालय, गेट, पर्खाल निर्माण ) | वडा नं. ७ , वडा कार्यालय परिसर भित्र रहेको ब्यापारिक भवनमा | भैपरी आउने पूंजिगत | १०,००,०००।- | लागत ईष्टिमेट बमोजिम बढीमा रु. १० लाख |
| ६ | ईलाका प्रहरी कार्यालयको पर्खाल निर्माण | टी.न.पा.वडा नं. १, ब्लक नं. १४ | भैपरी आउने पूंजिगत | ५,००,०००।- | अधुरो पर्खाल निर्माण कार्य सम्पन्न गर्नका लागि |
| | | | | | |

**प्रस्ताव नं. ४ :- र्‍याफिटिङ्ग संचालन सम्बन्धमा :**

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. ५ क्षेत्र अर्न्तगत पर्ने वंगला पार्कसँग जोडिएको कर्णाली नदीमा ऱ्याफ्टिङ्ग र उक्त नदीको विचमा रहेको टापुमा रेष्टुरेन्ट संचालन गर्दा पर्यटकिय गतिविधि संचालनमा उल्लेख्य वृद्धि भई नगरपालिकाको आम्दानीको स्रोतमा समेत वृद्धि हुने भएकोले नियमानुसार उक्त क्षेत्रमा यार्फ्टिङ्ग र उक्त नदीको विचमा रहेको टापुमा रेष्टुरेन्ट संचालन गर्न सम्वन्धित पक्षसंग छलफल कार्य सहमती गरी आवश्यक पक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :- सामाजिक सुरक्षा भत्ता बृत्ति अपुग रकम सम्बन्धमा ।**

**निर्णय नं. ५ :** (क) नेपाल सरकार, केन्द्रिय पन्जिकरण विभागबाट जारी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम यस टीकापुर नगरपालिका अन्तरगत सामाजिक सुरक्षा भत्ता/वृत्ति प्राप्त गर्न योग्य लाभग्राहीहरुका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत टिकापुर नगरपालिका, कैलालीलाई प्राप्त अख्तियारी बमोजिम आ.व

प्रमुख प्रशासकिय अधिकृत
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

# नगर कार्यपालिका २६ औं बैठक
# मिति २०७५ कार्तिक १८ गते

२०७५/०७६ मा यस नगरपालिकाको MIS तथ्यांक/लगत बमोजिम दोश्रो र तेश्रो चौमासिकमा भत्ता बृत्ति रकम अपुग हुने देखिएको हुँदा अपुग हुन जाने रकम यस कार्यालयको सामाजिक सुरक्षा तथा पंजिकरण उपशाखाबाट पेश भए बमोजिमको लगत विवरण संलग्न राखी अपुग रकम २,०४,७४०००।- (दुई करोड, चार लाख, चौरहत्तर हजार) नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

**ख)** नेपाल सरकार, केन्द्रिय पन्जिकरण विभागबाट जारी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ को अनुगमन तथा मूल्याकंन र प्रतिवेदन बमोजिम दफा २८ को (१) मा भएको व्यवस्था बमोजिम यस नगरपालिका अन्तरगत सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याकंन तथा सुपरीवेक्षण गर्न परिमार्जन सहितको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :- दर्ता नभई संचालन भएका ब्यापार ब्यवसायहरु सम्बन्धमा ।**

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका नगर प्रहरीहरुबाट अनुगमन तथा निरीक्षण गर्दा यस टीकापुर नगरपालिका क्षेत्रभित्र नगरपालिका तथा वडा कार्यालयमा ब्यवसाय दर्ता नगरी ब्यवसाय संचालन गर्ने गरेको पाईएकोले यसको ब्यवस्थित रुपमा नियमन कार्य गर्न /गराउनका लागि थप अध्ययनगरी पेश गर्न राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :- सडक बत्तिको मापदण्ड सम्बन्धमा ।**

**निर्णय नं. ७ :-** प्रस्ताव नं.७ माथि छलफल गर्दा नगरपालिकाका विभिन्न टोल तथा वस्तीहरुबाट सडक बत्तिको लागि माग गरी निवेदन पेश हुने गरेकोमा सडक बत्ति वितरण तथा ब्यवस्थापनका लागि तपसिल बमोजिमको मापदण्ड तय गरी उक्त मापदण्डका आधारमा सडक बत्ति वितरण तथा ब्यवस्थापन गर्ने /गराउने निर्णय गरियो ।

**तपसिल :**

**सडक बत्ति ब्यवस्थापन तथा वितरण सम्बन्धी मापदण्ड**

- सडक बत्तिका लागि विनियोजित रकमबाट एकमुष्ट खरिद प्रक्रिया अनुरुप सामाग्री नगरपालिका कार्यपालिकाको कार्यालयबाट खरिद गर्ने ।
- वडा तथा वस्तीहरुबाट सडक बत्तिका लागि संयूक्त रुपमा निवेदन पेश गर्नूपर्ने (ब्यक्तिगत प्रयोजनमा उपलब्ध गराईनेछैन)
- सडक बत्तिको टोल तथा वस्तीबाट मागगर्दा प्रत्येक पोलको हिसावले नभई विचमा १ पोल खाली रहने गरी एक बस्ती वा टोलमा न्यूनतम रुपमा अति आवश्यक हुने मात्र बल्ब उपलब्ध गराउन सकिनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- बत्ति जडानका लागि लागत मूल्यको ४० प्रतिशत रकम उपभोक्ताबाट नगदै दाखिला गर्नुपर्ने वा सडक बत्ति खरिदगर्नुपर्ने र ६० प्रतिशत बरावरको सामाग्री नगरपालिकाले उपलब्ध गराउनेछ ।
- एक पटक सडक बत्तीको सुविधा लगेको टोल वस्तीलाई एक वर्ष सम्म थप सडक बत्ति उपलब्ध नगराउने ।
- हाल सम्म यो सुविधा नलिएका बस्ती तथा टोलहरुबाट नियमानुसार आएको निवेंदन प्राप्त भएमा पहिलो प्राथमिकता उक्त टोल वस्तीलाई दिनुपर्नेछ ।
- सडक बत्तिको माग भई आएको निवेदनमा कार्यालयको सडक तथा अन्य पूर्वाधार विकास उपशाखा, सार्वजनिक खरीद तथा सम्पत्ती व्यवस्थापन उपशाखा र नगर कार्यपालिका कार्यालयको ईलेक्ट्रिसीयन सहितको कार्यदलबाट लागत अनुमान, वितरण र जडानको व्यवस्थापन गर्ने /गराउने ।
- सडक बत्तिका लागि प्राप्त निवेदन तथा उपलब्ध सामाग्रीहरुको विवरण तथा तथ्याकं अनिवार्य रुपमा सार्वजनिक खरीद तथा सम्पत्ती व्यवस्थापन उपशाखाले राख्नुपर्नेछ ।
- अति आवश्यक र सुरक्षाको दृष्टिले जरुरी रहेका स्थानहरुमा नगर कार्यपालिकाको कार्यालयबाटनै बत्ति जडान गर्न वाधा पर्नेछैन ।

**प्रस्ताव नं. ८ :- एकिकृत सम्पत्तीकरको लागत अनुमान सम्वन्धमा ।**

**निर्णय नं. ८ :-** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत वडा कार्यालयबाटनै एकिकृत सम्पतिकर असुलीको व्यवस्था मिलाउन यस न.पा. कार्यालयमा संचालनमा रहेको IPT Software को निर्माणकर्ताहरुसँग आवश्यक समन्वय गरी सवै वडामा सेवा सन्चालन गर्न लाग्ने आवश्यक लागत अनुमान सहित कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : नेपाल भारत मैत्रीपूर्ण कराँते च्याम्पियनसिप खेल सम्वन्धमा ।**

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ मा छलफल गर्दा All India Wado Kai Karate Do, Association र केन जेन ईति हा वादो रियो कराते ढो, नेपाल वीचको आपसी सल्ला, समझदारी र निर्णय अनुसार द्विदेशिय प्रतियोगिता जस्तो भव्य खेल महोत्सवका लागि टीकापुर उपयुक्त क्षेत्र रहेकोले उक्त स्थानमा २०७५/०७/२९-३० गतेका दिन नेपाल भारत मैत्रीपूर्ण कराते प्रतियोगिताका लागि कार्यक्रमको आयोजना, आर्थिक संयोजन र व्यवस्थापनका लागि मिति २०७५/०७/१० गतेको पत्रबाट Ken Zen Ichii Ha Wado Ryu Karate Do Kyokai, Nepal अनुरोध भई आएकोमा यस नगरपालिकाको चालु. आ.व. ०७५/०७६ का लागि मेयरकप लगायत अन्य खेलकुद शिर्षकमा विनियोजित रकमबाट रु. ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# नगर कार्यपालिका २६ औं बैठक
# मिति २०७५ कार्तिक १८ गते

**प्रस्ताव नं. १०: - कार्यक्रम संसोधन सम्बन्धमा ।**

**निर्णय नं. १० :-** प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७५/७६ का लागि स्विकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधनकाका लागि संवन्धित विषयगत समिति/शाखा/उपशाखा तथा वडा समितिको बैठकको निर्णयानुसार सिफारिस भै आएकोमा तपसिल बमोजिमका योजना तथा कार्यक्रम आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल :**

**संशोधीत योजना तथा कार्यक्रमको विवरण :**

| क्र. सं | स्वीकृत योजनाको नाम | योजना स्थल( ठेगाना) | संशोधन गर्नुपर्ने योजनाको नाम | संशोधन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोठारपुर वन्दिपुर कुलोको किनारमा वृक्षारोपण र घेरवार | कोठारपुर वन्दिपुर कुलोको किनार | बन्दिपुर कोठारपुर गाउँमा अमृतको बोट वितरण । | कुलोको किनारमा प्रयाप्त जग्गा नरहेको | |
| २. | बेतवाँस सम्वन्धि १ महिने तालिम | वडा नं. ६ | मोटरसाइकल मर्मत सम्वन्धि ३ महिने तालिम | दुई पटक सम्म सूचना निकाल्दा समेत प्रयाप्त आवेदन नपरेको साथै अन्य संघ संस्था मार्फत पनि सोही प्रकृतिको तालिम रहेको | १५ प्रतिशत साझेदारी |
| ३ | किशोर किशोरीका लागि जीवन उपयोगी ३ दिने तालिम | वडा नं. १ देखि ९ | दिव्य दृष्टि जागरण ( Devine Power Activation15 days | प्राप्त सुझावका साथै तुलनात्मक हिसावले उपयोगी देखिएकोले | |

**प्रस्ताव नं. ११ :- विद्युत मिटर जडान र बक्यौता सम्बन्धमा ।**

**निर्णय नं. ११:-**यस नगरपालिकाले बुझाउन बाकि सडक बत्ति लगायतको बक्यौता रकमका साथै अन्य पक्षहरुको समेत विस्तृत अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न मिति २०७५/०६/०३ को कार्यपालिकाको बैठकको निर्णयानुसार गठित कार्यदलको प्रतिवेदन उपर जानकारी तथा छलफल गरियो र प्रतिवेदनमा भएका वुँदाहरुको कार्यान्वयनका लागि नेपाल विद्युत प्राधिकरण र सरोकारवाला निकाय संग छलफल तथा समन्वय गरी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :- बोनस रकम सम्बन्धमा ।**

**निर्णय नं. ११:-** यस नगरपालिकाको प्रशासनीक कार्यालय भवन निर्माणका लागि श्री श्याम सुन्दर निर्माण सेवा प्रा.लि, बुद्धनगर, काठमाडौ संग सम्झौता भई प्रशासनीक भवन निर्माणको कार्य तोकिएको समय सिमा भन्दा पहिलेनै निर्माण कार्य सम्पन्न भएको र उक्त भवनको

प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

हस्तान्तरण सहित सम्झौता बमोजिमको वोनस रकम उपलब्ध गराई पाउँ भनी मिति २०७४/०९/०३ मा निवेदन पेश गर्नुभएको र २०७५/०२/०१ गते पून रकम भूक्तानीका लागि ताकेता सहितको निवेदन पेश गर्नुभएको सम्बन्धमा मिति २०७५/०३/१० गते शहरी विकास तथा योजना शाखा (हाल पूर्वाधार विकास तथा वातावरण ब्यवस्थापन शाखा) बाट पेश भएको टिप्पणी आदेश बमोजिम निवेदक श्री श्याम सुन्दर निर्माण सेवा, बुद्धनगर, काठमाडौंलाई सम्झौता वमोजिम वोनस वापत हुन आउने रकम रु.१५,४१,०८७५४ (रु.पन्ध्र लाख, एक्चालिस हजार,सतासी र पैशा चवन्न)नगरसभाबाट स्वीकृत सोहि शिर्षकको अ.ल्या. रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :- थप रकम विनियोजन सम्बन्धमा**

**निर्णय नं. १२ :- क)प्रस्ताव नं. १२ उपर छलफल गर्दा टीकापुर नगरपालिकामा नेपाल जलवायु** सहयोग कार्यक्रम (NCCSP) अन्तरगत चालु आ.व. ०७५/०७६ मा स्वीकृत बजेट बाट वडा न. ६ र ७ मा निर्माण हुने सामुदायिक उच्च भवनको प्राविधिक डिजाईन ईष्टिमेटका आधारमा विनियोजित रकम अपुग हुने देखिएकोले उक्त योजना निर्माणका लागि प्राविधिक डिजाईन ईष्टिमेट बमोजिम टेन्डर प्रकृया अगाडि बढाउने र टेण्डर र सम्झौता हुँदा विनियोजित रकममा नपुग हुने रकम चालु आ.व.को लागि गत आ.व.बाट अ.ल्या भएको विपद्‌बयवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :- सवारी साधन खरिदका लागि अपुग रकम सम्बन्धमा ।**

**निर्णय नं. १३ :-**प्रस्ताव नं. १३ उपर छलफलगर्दा यस नगरपालिकाको चालु आ.व. ०७५/०७६ मा सवारी साधन खरिद अन्तर्गत विनियोजित रकमबाट हलुका सवारी साधान थान -१,सक्सन मेशिन सहिततको ट्र्याक्टर थान-१ र फोहर बाहन थान-१ खरिदका लागि लागत अनुमान रकम भन्दा कम भएकाले लागत अनुमान अनुसारनै टेण्डर प्रकृया अगाडि बढाउने र टेण्डरको सम्झौता गर्दा अपुग हुने रकम पछि वस्ने कार्यपालिका बैठकबाट अन्य मिल्दो शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :- दिपावली तथा छठपर्वको शुभ कामना सम्बन्धमा ।**

**निर्णय नं. १४:-** प्रस्ताव नं . १४ माथि छलफल गर्दा अध्यारोमा उज्यालोको प्रतिक स्वरुप रहेको शुभ दिपावली तथा छठ पर्व २०७५ को अवसरमा टीकापुर नगरपालिकाका संपूर्ण परिवारका साथै आम नगरवासीहरुमा सुख, शान्ती र उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना प्रदान गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल